आज मिति २०७५ असार २८ गते, बिहिवारका दिन विहान ठिक ८.०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ४६ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| | हस्ताक्षर | | पदाधिकारी |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. | नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. | ३ नं वडाका निमित्त वडा अध्यक्ष श्री मनोज कुमार बस्नेत | - | सदस्य |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | - | सदस्य |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | - | सदस्य |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. | महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. | महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सचिव |

आमन्त्रित :-

| | | | |
|---|---|---|---|
| २१. | श्री बिष्णु बहादुर के.सी | - | लेखा अधिकृत |
| २२. | श्री सोमा खड्का | - | शाखा अधिकृत |
| २३. | श्री मनोज बुढाथोकी | - | सिभिल ईन्जिनियर |
| २४. | श्री गिता तामाङ | - | कम्प्युटर अपरेटर |

**निर्णय :**

१. यस दक्षिणकाली नगरपालिका भित्रका भुकम्प पिडितहरुको नेपाल सरकारबाट तोकिएको समयावधिमा निजी आवास पून: निर्माणको काम सम्पन्न नभई भुकम्प पिडित निजी आवास अनुदान लिन बाँकी रहेकोले सो म्याद थप गर्नको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. वडा नं. ५ को फुटवल चौरको लागत इष्टिमेट संशोधन गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको आ.व.२०७५।७६ मा विषयगत शाखाबाट नगरपालिका क्षेत्रभर विषयगत कार्यक्रम संचालन गर्नको लागि तपसिल बमोजिमको बजेट विनियोजन गर्ने ।

**तपसिल**

| | |
|---|---|
| शिक्षा | ३,०००,०००। |
| कृषि | २,०००,०००। |
| स्वास्थ्य | २,५००,०००। |
| पशु | १,०००,०००। |
| युवा तथा खेलकुद | २,०००,०००। |
| महिला / लक्षित वर्ग | ५,६००,०००। |
| आयुर्वेद | २००,०००। |

४. यस नगरपालिकामा विगत २०७४।११।८ देखि स्वयमसेवकको रुपमा कार्यरत श्रीकृष्ण बलामी,२०७४।११।२५ देखि स्वयमसेवकको रुपमा कार्यरत मंगल लक्ष्मी श्रेष्ठ , मिति २०७४।१२।१२ देखि स्वयमसेवकको रुपमा कार्यरत बद्री गिरी र मिति २०७५।२।१८ देखि कार्यरत श्याम श्रेष्ठलाई खाजा खर्च मासिक ८५००। का दरले दिने ।

५. वडा नं. ८ को राम्चे देवीस्थान टोल सुधार योजना संशोधन गरी रामेश्वर मन्दिर निर्माण व्यवस्थापन कार्यक्रम गर्ने ।

६. नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई विगतमा दिइदै आएको स्थानिय भत्ता कटौती गर्ने ।

७. केन्द्र र प्रदेश सरकारमा माग गर्ने योजना तथा कार्यक्रम वडा समितिबाट सिफारिस भई आएबमोजिम स्वीकृत गर्ने ।

८.सूचना प्रविधि अधिकृतको करार सम्झौता निरन्तरता सम्बन्धमा स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम र यस नगरपालिकाको लागत साझेदारीमा निजहरुको सेवा करारलाई निरन्तरता दिने व्यवस्था भएबमोमिज यस नगरपालिकाले कुल लागतको २५ प्रतिशत बजेट व्यवस्था गर्ने ।

९. यस नगरपालिकामा कार्यरत कर्मचारीहरु मध्ये अत्यन्त इमान्दार र लगनशील भई कार्यालयको दैनिक कार्यसम्पादनमा योगदान पुऱ्याउने तपसिलमा उल्लेखित कर्मचारी तथा यस कार्यालयमा लामो समयसम्म सेवा गरी सेवा निवृत गरेका तपसिलका कर्मचारीलाई आ.व.२०७४।७५ मा दोसल्ला ,प्रमाणपत्र र जनही रु ५०००। पुरस्कार प्रदान गरी सम्मान गर्ने ।

*तपसिल*

१. प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल)

२ सब इन्जिनियर श्री लक्ष्मी श्रेष्ठ

३ वडा सचिव श्री जयराम गिरी

४. का.स. जयराम घुयाल

सेवा निवृत कर्मचारी

१. दिल कुमारी श्रेष्ठ

२. राम प्रसाद आचार्य